नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
**श्रम तथा रोजगार कार्यालय**
बुटवल, रुपन्देही

०७१-५३१३५१
०७१-५९१९५१
Mail - butwal@leo.gov.np,
leobutwal1@gmail.com
Web - www.leobutwal.gov.np

पत्र संख्या: २०८३/०८४

मिति:- २०८३/०५/०१
ने.सं.११४६

## श्रमिक आपूर्तिकर्ता इजाजतपत्र नवीकरण गर्ने सम्बन्धी सुचना

यस कार्यालयको कार्यक्षेत्र राखि श्रम तथा रोजगार कार्यालय; बुटवलमा दर्ता भई श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र लिएका श्रमिक आपूर्तिकर्ताहरूले श्रम नियमावली २०७५ को नियम ३१ वमोजिमको विवरण र श्रमिक आपूर्तिकर्ता कम्पनीको इजाजत पत्र तथा नवीकरण प्रकृया व्यवस्थापन सम्बन्धी निर्देशिका २०८१ को नियम ६ (१) वमोजिमको विवरण (तल उल्लेख गरिए बमोजिम) सहित २०८३ असोज मसान्त भित्र अनिवार्य रूपमा यस कार्यालयबाट नविकरण गराउनुहुन अनुरोध छ ।

**नियम ३१ तथा नियम ६ (१) बुझाउनु पर्ने विवरण:**

- गत आर्थिक वर्षमा आपूर्ति गरिएका श्रमिकहरुको विवरण, संख्या, कार्यरत प्रतिष्ठान र मुख्य रोजगारदाताको नाम,
- गत आर्थिक वर्षको आय विवरण बुझाएको भरपाई वा सोभन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- आपूर्ति गरिएका श्रमिकलाई वितरण गरेको पारिश्रमिक, भत्ता, सुविधा तथा प्रत्येक श्रमिकको सामाजिक सुरक्षा कोषमा जम्मा भएको योगदान रकमको विवरण,
- श्रम अडिट गरेको प्रतिवेदन,
- कम्पनीको ठेगाना, सञ्चालकको नाम, सम्पर्क नं., कम्पनी सम्बन्धी कुनै विवरण परिवर्तन भएमा सोको विवरण,
- बैंक ग्यारेण्टी नवीकरण गरेको प्रमाण,
- विभाग वा कार्यालयले माग गरेको अन्य आवश्यक कागजात, विवरण,
- कम्पनीसँग सम्बन्धित प्रचलित कानून बमोजिम कार्यालय वा विभागमा कुनै उजुरी प्राप्त भएको अवस्थामा, उजुरीसँग सम्बन्धित आधार, प्रमाणको विवरण पेश गर्नु पर्नेछ ।

**ऐनको दफा ६२ (१) इजाजतपत्र खारेजी, निलम्बन तथा जरिवाना सम्बन्धि व्यवस्था:**

श्रमिक आपूर्तिकर्ताले श्रम ऐन वा ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकेका शर्त वा दिइएको निर्देशन उल्लङ्घन गरेमा इजाजतपत्र जारी गर्ने विभाग वा कार्यालयले श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

- श्रम ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र खारेज भएको श्रमिक आपूर्तिकर्ताको नेपाल सरकार वा कुनै श्रमिकप्रति कुनै आर्थिक दायित्व देखिएमा इजाजतपत्र खारेज भएको कारणबाट त्यस्तो दायित्व वहन गर्नबाट उन्मुक्ति पाउने छैन ।

वरिष्ठ श्रमअधिकृत

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
**श्रम तथा रोजगार कार्यालय**
बुटवल, रूपन्देही

☎०७१-५३१३५१
☎०७१-५९१९५१
Mail - butwal@leo.gov.np,
leobutwal1@gmail.com
Web - www.leobutwal.gov.np

- कुनै श्रमिक आपूर्तिकर्ताले यो ऐन र नियमावलीमा तोकिदिएको शर्त वा दिइएको निर्देशन पालना नगरेमा तथा सूचीकृत सेवा बाहेक नियमित प्रकृतिका काममा सम्झौता गरी श्रमिक आपूर्ति गरेमा विभाग वा कार्यालयले त्यस्तो श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र एक पटकमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।
- कुनै श्रमिक आपूर्तिकर्ताले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा तोकिएका शर्त तथा दिइएका निर्देशन पालना नगरेमा विभाग वा कार्यालयले त्यस्तो श्रमिक आपूर्तिकर्तालाई पहिलो पटकको लागि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

कतिपय कम्पनिले इजाजतपत्र नलिई वा इजाजतपत्र लिए पनि नविकरण नगराई श्रमिक आपूर्ति गरेको देखिएकोले कुनै पनि कम्पनिले दर्ता/नविकरण नगराई अथवा श्रम ऐन र नियमावलीमा तोके बमोजिमका शर्त तथा निर्देशनको पालना नगरी श्रमिक आपूर्ति गर्ने गरेको तथा त्यस्तो श्रमिक आपूर्ति गर्न सम्झौता गरेको पाइएमा मुख्य रोजगारदाता र श्रमिक आपूर्तिकर्ता दुवैपक्षलाई कानून बमोजिम कारवाही गरिने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

वरिष्ठ श्रमअधिकृत